मानववादी समाज (सोच) नेपाल
Society for Humanism (SOCH) Nepal
dedicated for hunanism committed for better world
DAO/K Regd No: 390/063
SWC Affiliation No: 21259/063
PAN: 302694404
GPO Box 670 Baneshwor, Kathmandu, Nepal • Phone: 4465347 • Email: sochnepal@gmail.com • www.sochnepal.org

# प्रेस विज्ञप्ती

मिति : २०७१/११/२७ गते

बोक्सीको आरोपमा छिमेकीबाट कुटिएकी बाँकेको नौवस्ता सुतैया निवासी ३२ वर्षीया चन्द्राकुमारी बिकको परिवार गाउँबाट विस्थापित भएको खबरले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । चन्द्राकुमारीमाथि कुटपिट गर्ने तारा कामी पाँच महिनामै रिहा भएर गाउँ फर्केपछि गाउँमा बस्न असुरक्षित महसुस गरी चन्द्राकुमारीको परिवार बिस्थापित भएको कुराप्रति हाम्रो ध्यानाकर्षण भएको हो । २०७१ साउन महिनामा छिमेकीहरू तारा कामी, उनकी बुहारी लक्ष्मी बिक र छोरी शशीकला बिकले बोक्सीको आरोपमा चन्द्रालाई कुटपिट गरेका थिए । कुटपिटविरूद्ध दायर मुद्दामा बाँके जिल्ला अदालतले पीडक लक्ष्मी र शशीकलालाई १०-१० हजार रुपैयाँ धरौटीमा रिहा गरेको थियो भने तारालाई पाँच महिना जेल र २५ हजार रुपैयाँ जरिवाना भएको थियो ।

गाउँलेहरुले पहिलेदेखिनै बोक्सी भन्दै घरमा चामल फुकेर फ्याँकिदिने, आँगनको माटो लगेर धामीलाई हेराउने गरेको र अन्तिममा कुटपिट नै गरेपछि कुटपिटबाट चन्द्राकुमारीको ढाड र हातमा चोट लागेको थियो । कोहलपुर र लखनउ गरी २२ दिनसम्म अस्पताल बसेर उपचार गराएपछि शरिरको घाउ त निको भयो तर चन्द्राकुमारीको मनको घाउ निको हुन सकेको छैन । चन्द्राकुमारीलाई बोक्सी आरोप लगाउने पाँच महिनामै छुटेपछि चन्द्राकुमारीले पुनरावेदन अदालत नेपालगञ्जमा मुद्दा दायर गर्न खोजेपनि आर्थिक अभावकाकारण उनले मुद्धा दर्ता गर्न सकेकी छैनन् । कुटपिटमा संलग्न तारा कामी सधैंभरी जेलमा रहनुपर्छ भन्ने होइन । तर घटनाका प्रभाबितलाई आफुले न्याय पाएको र आगामी दिनमा तिं व्यक्तिबाट फेरी विगतको व्यवहार दोहोरिने छैन भन्ने खालको अनुभूति दिलाउने तर्फ सरकारी पहल हुन जरुरी छ ।

चन्द्राकुमारी र उनको परिवारलाई गाउँमा निर्धक्क भएर बस्न पाउने वातावरणको सृजना गर्न हामी स्थानीय प्रशासनसँग माग गर्दछौं । साथै उनलाई निशुल्क कानुनी सहायता प्रदान गरी क्षतिपुर्ती उपलब्ध गराई सहयोग गर्नका लागी नेपाल सरकारसँग आग्रह गर्न चाहान्छौ ।

आजको विज्ञानको युगमा समेत नेपालमा कथित बोक्सीको आरोपमा चन्द्राकुमारी जस्ता सयौं महिलाहरुले वर्षेनी कुटपिट, गाली बेईजती र अपमान सहनु परेको छैन । कतिले ज्यान समेत गुमाउनु परिरहेको छ । बोक्सीको आरोपमा पुरुषहरुले समेत शारीरिक र मानसिक यातना नपाएका होइनन् । तर पुरुषको तुलनामा बोक्सीको आरोपमा बढीजसो गरिव, विपन्न, दलित, एकल महिलाहरुले परिवार र समाजबाट यातना पाईरहेका छन् । कयौं महिलाहरु घर निकाला र गाउँ निकाला समेत भएका छन् । उनीहरुले समाजमा अपमानित जीवन बाँच्नु परिरहेको छ । बोक्सीको आरोपमा यातना पाएकाहरु समाजमा पूर्ण रुपमा पुनर्स्थापित हुन सकिरहेका छैनन् । बरु उनीहरुमाथि समाजमा नदेखिने खालका अनेक हिंसाहरु हुने गरेका छन् । देशमा विद्यमान बोक्सी जस्तो कुप्रथाको अन्त्य गरी कुनै पनि मान्छेले कथित बोक्सीको आरोपमा ज्यान गुमाउनुपर्ने, यातना, अपमान, गाली गलौज सहनुपर्ने, घर निकाला, गाउँ निकाला हुनुपर्ने लगायतका समस्या भ्mेल्नुपर्ने अवस्था हुनबाट रोक्न हामी नेपाल सरकारसँग आग्रह गर्दछौं ।

लोग्शरी कुँवर

सचिव